**विनोस्की बडापत्र आयोग - सबै-आवासीय/निवासी मतदान तथ्य-पत्र**

विनूसकी बडापत्र आयोगको जानकारी: winooskivt.gov/charter

बैठकहरू: पहिलो र तेस्रो मंगलबारहरु साँझ ५:३० बजे सिटी हलमा

( मध्य मार्चदेखि मध्य मे सम्म )

तपाईका प्रश्न र टिप्पणीहरु ईमेल गर्नुहोस्: **charter@winooskivt.gov**

## परिचय/प्रस्तावना

विनोस्की बडापत्र आयोग एक कार्य उन्मुख आयोग हो जसले नगरपालिका बडापत्रमा हुने संभावित परिवर्तनहरू गर्न नगर परिषद्लाई सल्लाह दिन्छ, जुन विनोस्की शहरको संस्थापक शासन दस्तावेज हो। विनोस्कीका मतदाताहरुलाई बडापत्र परिवर्तनका साथ प्रस्तुत गर्ने विकल्पहरूको जाँच गर्न हालमा आयोगलाई शुल्क लगाइएको छ जसले सबै बासिन्दाहरूलाई विनोस्की नगरपालिकाको चुनावमा भोट हाल्न, विनोस्की नगरपालिकाका मतदाताहरुको जानकारीहरुको संरक्षण गर्न, विद्यालय र शहरका बडापत्रहरुमा पंक्तिबद्ध गर्न र परिषदले, कर्मचारीले र जनताहरुले पहिचान गरेका थप शासन परिवर्तन सम्बन्धी विचार गर्ने गर्दछ। बडापत्र आयोगलाई यो महत्वपूर्ण सार्वजनिक आउटरीच / पहुँचको प्रक्रियाको बखत तपाईको इनपुट / सहयोगको आवश्यक पर्छ र यसमा खुशीका साथ तपाईलाई आवश्यक पर्ने जानकारीहरु प्रदान गर्नेछ।

## उद्देश्य

हाम्रा सबै बासिन्दाहरूले धेरै तरीकाले योगदान गदर्छन्। हामी हाम्रो करहरू तिर्दछौं, घरहरू र सम्पत्तिहरू खरीद गर्दछौं, व्यवसाय खोल्दछौ, र हाम्रा बच्चाँहरूलाई हाम्रो स्कूलहरूमा पठाउँदछौं।. हामी सँगै मिलेर हामी लाभदायक विविधता सिर्जना गर्दछौं जुन हाम्रो समुदायले लगभग १०० बर्ष मनाएको छ - हाम्रो नागरिकता स्थितिलाई वास्ता नगरिकन। हाम्रो नगरपालिका बडापत्र परिवर्तनले कुनै पनि योग्य विनोस्की वासिन्दालाई अनुमति दिनेछ, जसको विभिन्न कारणले गर्दा अमेरिकी नागरिकता नभएको हुन सक्दछ, नगरपालिकाको चुनावमा मात्र मतदान गर्नको लागि - जुन छिमेकीलाई उनीहरूको परिवार, र तिनीहरूको जीवनलाई असर पर्ने स्थानीय मामिलाहरुमा एक आवाज दिनेछ।

**विनोस्की जनसंख्या डाटा**
**२०१७ अमेरिकी सामुदायिक सर्वेक्षण**

**कुल (१८+): ६,१३१**
मूल यु.एस. नागरिक = ५,०४१ (८२%)
प्राकृतिक नागरिकहरू = ४७२ (८%)
गैर अमेरिकी नागरिक = ६१८ (१०%)

## सन्दर्भ / प्रसंग

चुनावहरुमा सबै भोट हाल्ने निवासीहरू संयुक्त राज्यको स्थापनामा फर्कन्छन्। अमेरिकी क्रान्ति पछि, गैर-अमेरिकी नागरिकहरूलाई धेरै राज्यहरूमा मतदान गर्न अनुमति दिइयो। १९औं शताब्दीसम्ममा, कम्तिमा २२ अमेरिकी राज्यहरूमा गैर-नागरिकहरूले स्थानीय, राज्य र संघीय चुनावमा मतदान गरिरहेका थिए। तर २० औं शताब्दीको सुरुमा अमेरिकामा आप्रवासीहरूको बाढीले गर्दा आप्रवासी विरोधी भावना बढायो - र १९२६ सम्ममा, सबै राज्यहरूले यो प्रथालाई वा अभ्यासलाई रद्द गरे । तथापी आज पनि शिकागो, स्यान फ्रान्सिस्को र मेरील्याण्डका केही स्थानीय चुनावहरुमा गैर - नागरिकहरूलाई मतदानको अनुमति छ - जुन प्रक्रिया सफल साबित भएको छ। भर्मन्टका अन्य समुदायहरू पनि यसलाई विचार गर्दैछन्। यो २०१९ मा मोन्टपेलियरमा स्थानीय रूपमा अनुमोदन गरिएको थियो र बर्लिंगटनमा पनि यसबारे छलफल भइरहेको छ।

## सबै-निवासी मतदानका लागि अनुमति दिनका लागि के चरणहरू  वा कदमहरु छन्?

भर्मन्टको सर्वोच्च अदालतले भनेको छ कि व्यवस्थापिका संग नगरहरू र शहरहरूको लागि बडापत्रहरू परिवर्तन गर्ने क्षमता छ। यो एक बहु - चरण प्रक्रिया हो:




- **हाम्रा लागि हामीले विचार गरेका प्रश्नहरू (FAQs):** हामी यी सबै विचारहरूमा तपाईंको प्रतिक्रियालाई स्वागत गर्दछौं!
- **मतदान गर्न को योग्य हुनेछ?** यहाँको संघीय रूपमा स्वीकृत कानुनी श्रेणी अन्तर्गतका बासिन्दाहरू (जस्तै ग्रीन कार्ड वा स्थायी निवासी भिसा, आदि) र जसको उमेर चुनावको दिनमा वा दिन सम्ममा १८ बर्ष वा सो भन्दा बढी उमेरको हुनेछ ।
- **निवासीको मतलब के हो?** विनोस्कीमा बसोबास गर्ने मानिस जो चाहिँ त्यहाँ रहने इरादा राख्छ - नागरिक मतदाताहरुलाई पनि यहि लागू हुन्छ।
- **के गैर-नागरिकहरूले कार्यालयको लागि भाग लिन सक्दछन्?** हालको बडापत्रको भाषा अन्तर्गत, यदि सबै योग्य विनोस्की बासिन्दाहरूलाई भोट दिन अनुमति दिइयो भने, सबै योग्य विनोस्की बासिन्दाहरूले स्थानीय कार्यालयमा भाग लिन सक्नेछन्।
- **मतदाता दर्ता सूची सार्वजनिक हुन सक्छ?** हुन्छ । शहरले (१) राज्य र संघीय मतदाता दर्ता सूची र (२) सबै योग्य विनोस्की मतदाताहरूको नगरपालिका मतदाता दर्ता सूची कायम गर्नेछ। दुबै अनुरोध गरेमा उपलब्ध हुनेछ।
- **गैर - नागरिकहरुले कसरी दर्ता गर्ने?** सबै अरु मतदाताहरूले दर्ता गरेझैं: सिटी हल वा मतदान स्थलमा आएर शपथ खादै  तिनीहरू आफू को हुन् भनेर भन्नु पर्छ अनि उनीहरु विनोस्कीका बासिन्दा हो भनि भन्नु पर्छ।
- **किन मानिसहरू स्वत: नागरिक बन्न सक्दैनन्??** यो जटिल छ। नागरिकता प्राप्त गर्न धेरै बाधाहरु छन्। निम्न कुराहरुले  समावेश गर्न सक्छ:
    - समय। तपाईले प्राय: यहाँ आवेदन दिनु भन्दा पहिले कम्तिमा ३ देखि ५ बर्ष सम्म बस्नु पर्छ।
    - लामो प्रतीक्षा सूचीहरूको लागि योग्यता। तपाई कहाँ वटा हुनुहुन्छ भन्नेमा निर्भर गर्दै, केवल एक सानो संख्यामा मात्र प्रत्येक वर्ष नागरिकताको पहुँचको लागि अनुमति दिइन्छ।
    - भविष्य मातृभूमिमा पहुँच। कोहीले भविष्यमा घर यात्रा वा घर सर्ने अधिकार त्याग्न चाहँदैनन् र अमेरिकी नागरिकताले त्यो सम्भावना हटाउन सक्छ।
    - लागत। निवेदन आफैंमा $७२५ लगायत कक्षा र वकिलहरू आदिको खर्च, यदी आवश्यक भयो भने।
- **म अमेरिकी नागरिक होइन। यदि मैले मतदान गर्न दर्ता गरें भने, के मेरो जानकारी सार्वजनिक हुन्छ ?** हो हुन्छ । तपाईंको मानक मतदाता जानकारी सूचीमा हुनेछ। तपाईंको नागरिकता स्थिति हैन।

- **के यसले मलाई नागरिकताको स्थितिको लागि आवेदन दिन प्रतिबन्ध लगाउनेछ?** आजसम्म, यसले नागरिकता आवेदनहरु रोक्न वा निषेधित गर्न सकेको छैन।
- **मतदान कहिले हुन्छ?** यदि नगर परिषदवटा अनुमोदन भयो भने र तीन सार्वजनिक सुनुवाइहरु पछि, वर्तमान मतदाताहरुलाई नोभेम्बर २०२० मा एक बडापत्र परिवर्तनको लागि मतदान गर्न आग्रह गरिनेछ।
- **म कसरी थप प्रतिक्रिया प्रदान गर्न सक्छु?** हामीलाई ईमेल गर्नुहोस् charter@winooskivt.gov.